संघीय संसद
राष्ट्रिय सभा
सत्रौं अधिवेशन
बैठक-११
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित : ४:०५ बजे*

२०८१ फागुन २३ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको एघारौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराहन १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गर्नुहुँदै, देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य इन्दिरा देवी गौतम**ले बि.पी. राजमार्गको भकुन्डेबेंसी देखी सिन्धुली सम्मको खण्डमा यात्रा गर्न असहज भएको बताउँदै छिटो सडक निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गंगा कुमारी बेलबासे**ले स्वर्गद्वारी गुठी पीडितको माग छिटो पुरा गर्न सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य जग प्रसाद शर्मा**ले व्यवस्थामा परिवर्तन आएता पनि अवस्थामा परिवर्तन नआएको बताउँदै सुशासन कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले गर्मीको मौसम आएसँगै आगलागीको सम्भावना बढ्ने भएको हुनाले यस प्रति सजग रहन आम जनता लगायत सरकारलाई अनुरोध गर्नु भयो।

**माननीय सदस्य डा. बेदुराम भुसाल**ले स्वर्गद्वारी गुठी पीडितको माग छिटो पुरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भगवती न्यौपाने**ले तनहुँ र चितवन जोड्ने बुद्धसिंह मार्गको घुमाउनेमा पुल निर्माण गर्न २०७१ मा ठेक्का सम्झौता भएको तर हाल सम्म ३० % मात्र काम भएको बताउँदै, छिटो सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य माया प्रसाद शर्मा**ले शिक्षकहरू आन्दोलनरत रहेको विषय उठाउँदै शिक्षा विधेयक छिटो पास गर्न आग्रह गर्नुभयो।

**माननीय सदस्य शारदा देवी भट्ट**ले अमेरिकी सरकारले नेपाली नागरिकलाई मानवअधिकारको हनन गरि यातना दिएको बताउँदै यस विषयमा कुटनैतिक रुपमा कुरा गर्न सरकारलाई आग्रह गर्नुभयो।

**माननीय सदस्य सुमित्रा वि.सी.**ले हवाई यातायात असुरक्षित रहेको बताउँदै यसलाई गम्भीरताका साथ व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनु हुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य पदम बहादुर परियार**ले दलित समुदायले बिभिन्न समयमा बिभिन्न ठाउँमा अपमानित हुनुपरेको तथा हिंसामा परेको तर न्याय नपाएको बताउँदै दलित समुदाय उत्थानको लागि रूपान्तरणकारी कार्यक्रम ल्याउन सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनारले** नेपालको बिभिन्न ठाउँमा दलित तथा महिला हिंसाका घटनाको विषय उठाउँदै यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** महिलाहरूको श्रमको सम्मान नभएको तथा महिला हिंसा यथावत रहेको बताउँदै पीडित महिलालाई न्याय दिलाउन र महिलाको सहभागिता हरेक क्षेत्रमा ५० % कायम गराउन सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादवले** आदिवासी जनजाति, दलित, थारु, मुस्लीम, महिला र मधेसीहरु शोषित, अपमानित भएको बताउँदै सबै क्षेत्रमा सबै जाती, लिङ्ग, बर्ग र सम्प्रदायको समान सहभागीता कायम गराउन सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य बामदेव गौतमले** भुगर्भिक हलचलका हिसाबले नेपाल जोखिममा रहेको बताउँदै बिकास निर्माण तथा पुनर्निमाणको प्रक्रियामा गम्भीरताका साथ अध्ययन गरि सञ्चालन गर्न सुझाब प्रस्तुत गर्नुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्कर्माले** कुलमान घिसिङलाई बारम्बार उल्झनमा पारी काम गर्न नदिएको बताउँदै सरकारले जनता र राष्ट्रको हितअनुकुल कार्य नगरी आफु र पर्टीको स्वार्थअनुकुल कार्य गरेको जिकिर गर्नुभयो।

**माननीय सदस्य उर्मिला अर्यालले** ८ मार्चमा अर्न्तराष्ट्रिय महिला दिवस मानाइरहँदा अझैपनि बिभिन्न कारणबाट महिला हिंसामा कमि नआएको जिकिर गर्नुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटाले** महिलाहरूको बारेमा अर्न्तराष्ट्रिय प्रतिबद्धता पत्रमा हस्ताक्षर भएअनुकुल कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो।

**माननीय सदस्य गंगा कुमारी बेलबासेले** संगिता मिश्रलाई मन्त्रालयमा योग्यता, जेष्ठता हुँदा पनि सचिव हुन बाट बञ्चित गराउनुको कारणबारे प्रश्न गर्दै निजलाई तुरुन्त सचिवको जिम्मेबारी दिन सरकारको ध्यानाकर्षण गराउँदै हेटौंडा र उदयपुर सिमेन्ट कारखाना तत्काल सञ्चालन गर्न सरकारलाई आग्रह गर्नुभयो।

**माननीय सदस्य सुमित्रा बि.सी.ले** निजामती कर्मचारी अस्पतालमा दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारीलाई अस्पताल प्रशासनले अधिकार बञ्चित गराएको बताउँदै ज्यालादारी कर्मचारीहरुलाई अन्य कर्मचारीको सरह सेबासुबिधा उपलब्ध गराउन सम्बन्धित मन्त्रालय तथा संस्थाको ध्यानाकर्षण गारउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले कार्यसूचीका मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रम सुरु हुने जानकारी गराउँदै माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही **१ मिनेटभित्र** पुरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा समेत जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**सँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुने जानकारी गराउँदै **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीलाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य भुवन बहादुर सुनारलाई** आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नुभयो र माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य भुवन बहादुर सुनारलाई** आफ्नो दोस्रो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नुभयो र माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता माननीय सदस्यले पुरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पुरक प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले पुरक प्रश्न सोध्नुभयो र माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **युवा तथा खेलकुद** मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुने जानकारी गाराउँदै **माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीलाई** माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्नुभयो।

त्यसपछि, सम्मानन‍ी अध्यक्षले प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह(गरिमा)लाई** आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले प्रश्न सोध्नुभयो र माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रश्नकर्ता माननीय सदस्यले पुरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पुरक प्रश्न सोध्न समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले पुरक प्रश्न सोध्नुभयो र माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट **माननीय रक्षा मन्त्री मानवीर राई**लाई **"राष्ट्रिय सुरक्षा परिषद्को आ.व. २०७९/८० को छैठौं वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को सातौं वार्षिक प्रतिवेदन"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेललाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा मननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन २५ गते आइतबार अपराह्न १ बजेर १५ मिनेट**मा बस्नेगरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव